मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ ३ गते शनिबार ❑ 17 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## जिम्मेवार र मर्यादित पत्रकारिता आजको आवश्यकता: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले जिम्मेवार र मर्यादित पत्रकारितामा जोड दिनुभएको छ।

नेपाल पत्रकार महासंघ कास्कीले प्रदान गर्ने 'गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार' समारोहमा प्रमुख अतिथि भट्टले सामाजिक उत्तरदायित्व बहन गर्दै सत्यको अन्वेषण र तथ्यको सम्प्रेषण गर्ने जिम्मेवारीलाई आत्मसाथ गरी सत्य, निष्पक्ष, सन्तुलित र मर्यादित रुपमा सूचना प्रवाह गर्नु पत्रकारिताको धर्म र जिम्मेवारी रहेको उल्लेख गर्नुभयो । 'नेपालमा लोकतन्त्र र गणतन्त्र स्थापना एवं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि अग्रज पत्रकार तथा पत्रकारिता जगतले खेलेको भूमिका अविस्मरणीय छ ।' उहाँले भन्नुभयो - 'पत्रकारले दबाब र अभावसँग सम्झौता नगरी आफ्नो कर्मप्रति ईमान्दारिता प्रदर्शन गरिरहेका छन्। नेपाली मिडियाले समकालीन परिप्रेक्ष्यमा असल अभिभावकीय भूमिका निर्वाह गर्दै राष्ट्र निर्माण प्रक्रियामा अभियन्ताको रूपमा उभ्याउँदै लैजानुपर्छ ।' प्रविधिको



विकाससँगै पत्रकारिता क्षेत्रमा अवसर र चुनौती दुवै सिर्जना भएको उल्लेख गर्दै उहाँले डिजिटल मिडियाको अत्यधिक सदुपयोग गर्दै पत्रकारिताको विश्वसनियता अभिवृद्धि गर्ने दिशामा पत्रकार स्वयं क्रियाशील हुनेछन् भन्नेमा आफू विश्वस्त रहेको बताउनुभयो । 'आर्थिक सङ्कटले सञ्चारसंस्थाहरूको दिगोपनामा समस्या पार्ने खतरा देखापरिसकेको छ। नेपाली पत्रकारको पेसागत असुरक्षा र न्यूनतम पारिश्रमिक कार्यान्वयनमा समस्या यथावत् छ ।' प्रदेश प्रमुख भट्टले भन्नुभयो - 'श्रमजीवी पत्रकारको पेशागत अधिकार स्थापित गर्दै सञ्चार संस्था तथा पत्रकारहरुको सबिलकरणको दिशामा काम अघि बढोस् ।' प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सञ्चार र सूचनाको हकलाई नेपालको संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएको भन्दै उहाँले संवैधानिक रूपमै व्यवस्थित गरिएका ती हकहरूको पूर्णरूपमा संरक्षण र कार्यान्वयन गर्दै जिम्मेवार र मर्यादित पत्रकारिताको विकासका लागि प्रतिबद्ध रहनुपर्ने उल्लेख गर्नुयो।

'पहिले साधनस्रोत, प्रविधिको अभावमा पनि दिनरात खटिएर नयाँ र रोचक समाचार सम्प्रेषण हुने गर्दथे। औपचारिक शिक्षाको कमि भएतापनि पत्रकारहरुको निजी मिहिनेत र परिश्रमले समाचारको गुणात्मकता थियो । हिजो पेशागत मान प्रतिष्ठा र इज्जत थियो । तर आजभोलि डिजिटल प्रविधि, साधनस्रोतको पर्याप्तता हुँदाहुँदै पनि समाचारका स्रोतमा परिनिर्भरता बढेको छ।' उहाँले थप्नुभयो । समाज नै 'मिस इन्फर्मेसन' र 'डिस इन्फर्मेशन' ले पीडित हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै प्रदेश प्रमुख भट्टले लोकतान्त्रिक समाजका लागि नकारात्मकता र कुप्रचार चिन्ताको विषय रहेको बताउनुभयो । उहाँले थप्नुभयो - 'मिडियाभित्रको 'सेन्सरशीप' संयन्त्र मजबुत हुनुपर्दछ। र, त्यो भन्दा बढी सेल्फ सेन्सरशीपमा ख्याल गर्नुपर्दछ । यहाँको पत्रकारितालाईमैलेनियालिरहेको पनि छु ।' गण्डकी प्रदेशको प्रदेश प्रमुख नियुक्तिपछि पहिलो विधेयक प्रमाणिकरण नै पत्रकारहरु सम्बन्धित आमसञ्चार ऐन २०८० रहेको स्मरण पनि उहाँले गर्नुभयो । प्रदेश प्रमुख भट्टले पुरस्कृत पत्रकारद्वय केशव पाठक र दुर्गा अधिकारीलाई बधाई पनि ज्ञापन गर्नुभयो । पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ पत्रकार प्रेस स्वतन्त्रता सेनानि माधव शर्मा, पत्रकार महासंघ गण्डकीका अध्यक्ष रमेश पौडेल लगायतले बोल्नुभएको थियो।

## पोखरामा सुन चाँदीका गरगहना चोरी गर्ने ५ जना पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ

पोखरामा सुन चाँदीका गरगहना चोरी गर्ने ५ जना पक्राउ परेका छन्।

पोखरा महानगरपालिका वडा नम्बर २६, ३०, ३१, ३२ लगायतको क्षेत्रका घरको ताला फोरी चोरी गर्ने ५ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले शुक्रबार पोखरामा पत्रकार भेटघाट कार्यक्रम मार्फत जानकारी गराएको हो।

उक्त घटनामा सुन पसलका संचालक देखि कालिगढसम्म संलग्न भएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रमुख एसपी श्यामबाबु ओलीयाले बताउनु भयो । स्याङ्गजा पुलती बजार नगरपालिका ९ काल्खु घर भई हाल पोखरा १० गौरीमार्ग बस्ने ५३ बर्षका दुर्गा बहादुर थापा उक्त घटनामा संलग्न भएको उहाँले दाबी गर्नुभयो । चोरी भएका गर गहना उहाँको पसलमा ल्याई विभिन्न डिजाइनमा बनाई बिक्रि वितरण हुने गरेको एसपी आलीयाले जनाउनु भयो । त्यसै गरी चोरीमा संलग्न भएको आरोपमा कास्की प्रहरीले कट्टप्पा भन्ने सुवास विक, बिमल विक, गणेश सुनारर सुरेश बि.कलाई पक्राउ गरी चोरी तथा डाँका मुद्दा चलाएको प्रहरीले जनाएको छ । ठेक्कापट्टा गर्दै आउनु भएको तनहुँ साखेका २६ बर्षीय सुवास बि.क.लाई प्रहरीले वैशाख २९ गते बुढीबजारबाट पक्राउ गरेको हो । त्यसैगरी तनुहँ साँखेकै २३ बर्षका बिमललाई




प्रहरीले गत वैशाख २६ गते पोखरा ३२ मजुवाबाट नियन्त्रणमा लिएको हो भने तनहुँ ११ दुर्गेका २२ बर्षका गणेशलाई प्रहरीले गत वैशाख ३१ गते पक्राउ गरेको हो। गणेश र सुरेश कालिगढ हुन्।

त्यसै गरी स्याङजा घर भई पोखरा २ बस्दै आउनु भएको ३३ बर्षका सेरशलाई प्रहरीले वैशाख ३१ गते पोखरा १० गौरीमार्गबाट पक्राउ गरेको हो । थापालाई भने प्रहरीले वैशाख ३१ गते गौरीमार्गबाट नियन्त्रणमा लिएको थियो । ६९ लाख बराबरको विभिन्न गर गहना उहाँहरुको साथबाट प्रहरीले बरामद गरेको एसपी ओलीयाले बताउनु भयो। पोखरा ३० शिसुवा स्थित घरमा कोही नभएको अवस्थामा ढोकाको ताला फोरी ४ लाख ४९ हजार बराबरको धनमाल चोरी भएको, पोखरा ३२ सातमुहाने दुर्गा मन्दिर टोल स्थितमा घरमा कोही नभएको अवस्थामा ढोकाको ताला फोरी १८ लाख ४ हजार ७ सय ५० बराबरको धनमाल चोरी भएको, पोखरा ३१ शान्तिपथ ठुलढुंगा मा ८ लाख ८० हजार बराबरको धनमाल चोरी भएको प्रहरीले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ। पोखरा २६ बिजयपुर स्थितमा घरको ढोकाको ताला फोरी ३ लाख ४३ हजार, पोखरा २६ बिजयपुर सोतोटोल स्थितमा घरमा कोही नभएको अवस्थामा घरको ढोकाको ताला फोरी १४ लाख ४८ हजार २ सय बराबरको, पोखरा २६ बिजयपुर सोताटोल स्थित घरको तालाफोरी १५ लाख ९१ हजार ५ सय ६० र पोखरा २६ सक्कनेरी नहरकुलो स्थित घरको च्यानलगेटको ताला खोली ३ लाख ८६ हजार ७ सय ५० रुपैया बराबरको धनमाल चोरी गरेको आरोपमा उहाँहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरीले माईली तिलहरी, सानो तिलहरी, चन्द्र पोते, मोति माला, गेडी पोत, मंगलसुत्र, नौ गेडी, पेन्डम माला, रातो स्टार पोत, पञ्चरत्ने बाला, कानको ढुम्री, सुनका ससाना टुक्राहरु लगायत प्रहरीले सुन चाँदीका विभिन्न गरगहना बरामत गरेको हो । चोरीमा संलग्न भएको आरोपमा ग २२ प ४९८९ नम्बरको मो.सा. ग २१ प ६७५३ नम्बरको स्कुटर समेत प्रहरीले नियन्त्रणमा लिएको छ।

## सगरमाथा संवाद : परिकल्पनाको आठ वर्षपछि साकार भएको विश्व मञ्च

**रासस**
काठमाडौं, २ जेठ

"हाम्रा घरबासहरू पहिरोहरूले बगाइरहेका छन्। बाढी र खडेरी अकस्मात आउँछन् तर अझै, हामी डटिरहेका छौँ । हाम्रा उत्सर्जनहरू न्यून छ तर वातावरण संरक्षणमा हाम्रा योगदानहरू महत्त्वपूर्ण छन् ।" सगरमाथा संवादको पहिलो शृङ्खलाको शुभारम्भमा प्रधानमन्त्री केपी शर्मा ओलीका यी भनाइ विश्वभरका प्रतिनिधिमाझ चर्चाको विषय बनेको छ।

पर्वतीय र विकासोन्मुख हुनुका नाताले नेपालले झेल्दै आएका वातावरणीय र विपद्जन्य समस्यालाई सशक्त रूपमा उद्घोष गर्न संवादको उद्घाटनसत्रका मन्तव्यहरू प्रभावकारी देखिएका छन् । प्रधानमन्त्री ओलीको उद्घाटन सम्बोधन र परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको स्वागत मन्तव्यका क्रममा संवाद आयोजनाको अर्थ र वातावरणीय मुद्दामा नेपालले लिन खोजेको अगुवाइ स्पष्ट झल्किएको थियो।

वर्तमान सरकारको न्यूनतम साझा कार्यक्रम, चालु आर्थिक वर्षको बजेट वक्तव्य तथा वन तथा वातावरण मन्त्रालय र परराष्ट्र मन्त्रालयमा बजेट विनियोजन भएअनुसार यही जेठ २ देखि ४ गतेसम्म सगरमाथा संवादको आयोजना भएको हो । यस पहिलो शृङ्खलाको संवादको विषय 'जलवायु परिवर्तन, हिमालहरू र मानवीय भविष्य' रहेको छ । कार्यक्रमलाई सञ्चालन गर्न मिति २०८१ माघ २१ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई यसका लागि अवधारणापत्र समेत स्वीकृत भएको थियो । जसअनुसार प्रधानमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, परराष्ट्र मन्त्रीको संयोजकत्वमा व्यवस्थापन समिति र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, परराष्ट्रसचिव र वन तथा वातावरण मन्त्रालयका सचिव र ती निकायका सहसचिव रहने गरी सचिवालय गठन गरेर संवादको तयारी भएको हो।

यस प्रकारको विश्व संवाद गर्ने नेपाल सरकारको प्रयास र परिकल्पनाको उदय भने आठ वर्षअघि नै भएको थियो । वर्तमान प्रधानमन्त्री ओलीकै पहिलो कार्यकालको मन्त्रिपरिषद्को २०७६ साल वैशाख २ गतेको बैठकले यो संवाद गर्न मिति निर्धारण गरेको थियो। सन् २०२० को अप्रिल २-४ (२०७६, चैत २०, २१ र २२) मा सगरमाथा संवाद आयोजना गर्ने भनी गरिएको सरकारको त्यो तयारीलाई कोभिड-१९को महामारीले लपेट्यो । त्यसबेला संवादको तयारीका क्रममा २०७६ मङ्सिर ५ गते तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले पत्रकार सम्मेलन गरेर सविस्तार जानकारी सार्वजनिक गर्नुभएको थियो । आफ्नो कार्यकालमा सोचिएको यस प्रकारको विशेष कार्यक्रम त्यसबेला आयोजना हुन नसके पनिहाल आयोजना हुन सकेकामा तत्कालीन परराष्ट्रमन्त्री ज्ञवाली आजको कार्यक्रममा सहभागी हुनुभयो। कार्यक्रममा सहभागी हुँदैका बीचमा नेता ज्ञवालीले सामाजिक सञ्जालमा लेख्नुभयो, "परराष्ट्र मन्त्रालयमा रहँदा यसलाई नेपाली सौम्य शक्ति (सफ्ट पावर) प्रवर्द्धन गर्ने ग्लोबल फोरमका रूपमा स्थापित गर्न, यसको अवधारणा बनाउन र ढाँचा निर्धारण गर्न गरिएको परिश्रमका क्षणहरू स्मृतिमा सल्बलाए।"

हरेक दुई वर्षमा आयोजना गरिने भनिएको यो संवादलाई एउटा अन्तरराष्ट्रिय फोरमका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको छ। नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल समसामयिक विषयमा राष्ट्रिय र अन्तरराष्ट्रिय विविध एजेण्डामा छलफल गरी समाधानका लागि साझा धारणा बनाई कार्यान्वयन गर्ने संवादको प्रमुख लक्ष्य रहेको बताउनुहुन्छ । संवादका लागि सरकारले छिमेकीसहित विभिन्न मुलुकका राष्ट्र प्रमुख, सरकार प्रमुख, राजदूत तथा विषयगत विज्ञलाई निम्तो दिएको थियो । सम्मेलनमा भारत, चीन र बङ्गलादेशका मन्त्रीस्तरका प्रतिनिधिका साथै कोप-२९ को अध्यक्ष मुलुक अजरबैजानका राष्ट्रपतिका प्रतिनिधिलगायत एक सय ७५ विदेशी अतिथि र त्यत्तिकै सङ्ख्यामा स्वदेशी प्रतिनिधि सहभागी छन्। संवादमा, प्लेनरी, समानान्तर सत्र, गोलमेच र विभिन्न विषयमा साइड इभेन्ट भइरहेका छन्।

मुख्यसचिव अर्यालले नेपालजस्तै जलवायु परिवर्तनबाट प्रभावित पर्वतीय मुलुकहरूबीच साझा बुझाई बनाउने र आउँदा दिनमा अन्तरराष्ट्रिय समुदायको बीचमा पैरवी गर्नका लागि पहल गर्ने संवादको उद्देश्य हो । यस्तै जलवायु न्यायको लागि नेपालको आवाज अझ सशक्त बनाउने र थप जलवायु वित्त, प्रविधिमाथिको पहुँच र क्षमता विकासका लागि अवसरको खोजी गर्ने तथा जलवायु परिवर्तन विश्वव्यापी समस्या भएको, यस मुद्दामा धनी राष्ट्रको बढी भूमिका भएको र निम्न आय भएका राष्ट्र बढी जोखिममा रहेको हुँदा साझा समस्या समाधानका लागि साझा प्रयास गर्न बहुआयामिक प्रयासमा नेपालले नेतृत्व लिने संवादको लक्ष्य रहेको उहाँको भनाइ छ । संवादलाई सार्थक तुल्याउन र यसबारे राष्ट्रियस्तरमा साझा बुझाइका

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपाल रेडक्रस सोसाइटी गण्डकीको सातौँ साधारण सभा

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

गण्डकी प्रदेशका सामाजिक विकास युवा तथा खेलकुल मन्त्री विन्दुकुमार थापाले गण्डकी प्रदेमा रगत निशुल्क उपलब्ध कार्यक्रमलाइ निरन्तरता दिइने बताएका छन् ।

२०७८ सालबाट गण्डकीका सबै अस्पतालमा उपचार गराउने विरामीलाइ रगतको आवश्यकता परेमा निुशल्क उपलब्ध गराइदै आएकोमा आगामी वर्ष पनि निरन्तरता दिइने मन्त्री थापाले बताए ।

नेपाल रेडक्रस सोसाइटी, गण्डकीको सातौँ साधारण सभाको उद्याटन गदै मन्त्री थापाले नेपाल रेडक्रस सोसाइटीसंगको समन्यमा रक्त तत्व निशुल्क वितरण कार्यक्रम प्रभावकारी बनेको बताए । मन्त्री थापाले रेडक्रसले मानवीय सेवामा गदै आएको कामको प्रसंसा गरे ।

साधारण सभामा नेपाल रेडक्रस सोसाइटी गण्डकीका अध्यक्ष सूर्यप्रसाद ढकालले रक्तसंचालन, एम्बुलेन्स र विपद् का बेलालाई केन्द्रीत गरेर प्रदेश गोदाम घरको व्यवस्था गरिएको बताए ।




प्रदेशमा १ लाख २७ हजार ४६५ स्वयंसेवक रहेका ढकालले जानकारी दिए। रेडक्रसका शाखा र उपशाखा मार्फत प्रदेशमा २७ वटा एम्बुलेन्स, ८ वटा ब्लड बैंक र १३ वटा ब्लड बैंकका युनिट संचालन रहेका छन् ।

यो वर्ष ५० हजार २ ८५ युनिट रगत वितरण भएको छ ढकालले जानकारी दिए । प्रदेशमा गोदाम घर ब्यवस्थित गर्न नसक्दा भण्डारमा समस्या भएकाले गोदाम घर निर्माणका लागि सहयोग गर्न ढकालले प्रदेश सरकारसंग माग गरे ।

नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य एवं स्याङ्जा जिल्लाका सभापति दिनेश अर्यालले नेपाल रेडक्रसमा देखिएका समस्या समाधानका लागि सरकारले आइसिआरसी र आएफआरसी लाई समेत विश्वासमा लिए टुन्गोमा पुर्याउनुपर्ने बताए । नेपाल रेडक्रस सोसाइटी लुम्बिनी प्रदेशका अध्यक्ष लालप्रसाद पगेनीले

कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरे ।

कार्यक्रममा महासचिव रामदत्त पौडेलले सांगठनिक विकास प्रतिवेदन, कोषाध्यक्ष नारायण प्रसाद घिमिरेले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन तथा लेखा संयोजक डक्टर देवीलाल शर्माले राख्नुभएको लेखा समितिको प्रतिवेदन समेत सभाबाट पारित भएको छ । सो अवसरमा स्वयंसेवी रक्तदाता समाज कास्कीका अध्यक्ष दिपेन्द्र अधिकारी, नेरेसो कास्कीका सभापति उर्मिला खड्का तथा नेपाल रेडक्रस सोसाइटी बागलुङ जिल्ला शाखाका सभापति जगन्नाथ शर्मा, प्रदेश सदस्य सीता शर्मा, एवं युवा रेडकस सर्कल रतन पाण्डे माध्यमिक विद्यालयका संरक्षक एवं कास्की जिल्लाका उपमन्त्री डिल्लिराम बरालले शुभकामना मन्तब्य र गण्डकी प्रदेशका उपाध्यक्ष फुलमाया गुरुङ ले स्वागत मन्तव्य राखेकी थिइन् ।

रेडकसका सिद्धान्त अनुरूप गतिविधिहरू सञ्चालन गर्न विशेष योगदान पुर्याउने नेपाल रेडक्रस सोसाइटी गोरखा जिल्ला शाखाका शाखा प्रमुख सुवाष घिमिरे, तेस्रो र चौथो प्रदेशस्तरीय जुनियर युवा रेडक्रस गोष्ठी सञ्चालन गर्न आतिथ्यथा गर्ने रतन पाण्डे माध्यमिक विद्यालय पोखरा १३ आर्वा र युवा रेडक्रस सर्कल मङ्गला माध्यमिक विद्यालय मध्य नेपाल तीन सोती पसललाई सम्मान गरिएको थियो ।

# पोखरा १६ का दलित महिलालाई कानुनी सचेतना

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

पोखराको १६ नम्वर वडाभित्रका दलित समुदायका महिलालाई कानुनी सचेतना तथा क्षमता अभिवृद्धी सम्वन्धी एक दिने तालिम प्रदान गरिएको छ ।

पोखरा महानगर पालिका सामाजिक विकास महाशाखाको सहयोगमा जनजागरण आमा समुह महेन्द्र गुफाको आयोजनामा भएको कार्यक्रमको उद्घाटन पछि वोल्दै वडा सदस्य मञ्जु नेपालीले समाजमा पछाडी परेका दलित समुदायलाई कानुनी विषय र क्षमतागत विकासका लागी तालिम फलदायी रहेको बताईन् । उनले समाज विकासको संवाहक महिला नै पछाडी परेमा त्यसले ठुलो समस्या निम्त्याउने स्पष्ट पारिन् ।

कार्यक्रममा प्रशिक्षक उषा वरुवालले उद्यमशिलताका विषयमा प्रशिक्षण दिदैं कुनै न कुनै उद्यम विना सफलता हासिल गर्न नसकिने बताईन् । अर्का प्रशिक्षक पुर्णशोभा मर्हजनले महिला माथि लाग्ने विभिन्न



किसिमका लाञ्छनाले परिवार मात्र नभई समाज नै कमजोर बन्ने बताउँदै, मानसिक स्वास्थ्य सवल हुनुपर्नेमा जोड दिईन् ।

अर्का प्रशिक्षक दलित महिला संघ फेडोका अध्यक्ष ईश्वरी विकले कानुनी सचेतनाका विषयमा प्रशिक्षण दिदैं, दलित समुदायका निम्ती कानुनमा व्यवस्था भएका विषयलाई प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्ने बताईन् । समुहका अध्यक्ष ओममाया नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा समुहका सल्लाहकार एकराज नेपाली, पत्रकार शिशिर पौडेल, महिला अधिकारकर्मि लक्ष्मी देवकोटा, फेडोका नितु नेपाली लगायतले दलित समुदायभित्रै रहेको विभेद अन्त्य हुनुपर्नेमा जोड दिदैं, तालिममा सिकेका कुरा व्यवहारमा उतार्न सके मात्र समाज परिवर्तनको सपना पुरा हुने बताए ।

बाटुलेचौर दलित महिला समुहको सह आयोजनामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष सिर्जना नेपाली र संचालन सचिव ईश्वरी नेपालीले गरेकी थिईन् ।

सोही अवसरमा जनजागरण आमा समुहको साधारण सभा पनि सम्पन्न भएको छ । समुहका अध्यक्ष ओममाया नेपालीको अध्यक्षतामा भएको सभाले समुहको वार्षिक प्रगति र आर्थिक प्रतिवेदन समेत पारित गर्‍यो ।

# वाईसिएल धेरै प्रचण्ड जन्माउने संगठन बन्नुपर्छ : अधिकारी

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य हरिराज अधिकारीले योङ कम्युनिष्ट लिग (वाईसिएल) धेरै प्रचण्ड जन्माउने संगठन बन्नुपर्ने बताएका छन् ।

वाईसिएल गण्डकीको प्रथम सम्मेलनलाई आज पोखरामा सम्बोधन गर्दै उनले भने,'वाईसिएल पार्टीको जनवर्गिय संगठन मात्र होईन, यो त पार्टीका उत्तराधिकारी संगठन हो, सहायक संगठन हो, त्यसैले यो संगठन धेरै प्रचण्डहरु जन्माउने संगठन बन्नुपर्छ ।' यस संगठनले क्रान्तिकारीहरुलाई आकर्षित गर्न सक्ने हुनुपर्नेमा उनले जोड दिए । उनले वाईसिएलले पार्टीलाई च्यालेन्ज गरेर अघि बढ्ने दृढता देखाउनुपर्ने उल्लेख गरे। वाईसिएल नेपालका फ्रयाक्सन ईञ्चार्ज रामप्रसाद सापकोटा (दीपशिखा)ले वाईसिएल माओवादी पार्टीको सारथी बन्नुपर्ने बताए । माओवादीले २०८४ मा




पार्टीप्रति जनताको उभार ल्याएर पहिलो पार्टी बन्ने लक्ष्य लिएको भन्दै सो लक्ष्यलाई साकार पार्न वाईसिएल सारथी बन्नुपर्ने उनको भनाई थियो। वाईसिएलका केन्द्रीय अध्यक्ष सुबोध श्रीपालीले पार्टी बलियो बनाउन वाईसिएल रातदिन खट्नुपर्ने बताए । समाजवादसम्म पुऱ्याउने पार्टीको सपनालाई साकार पार्न वाईसिएल लाग्नुपर्ने उनको भनाई थियो । कार्यक्रममा नेकपा माओवादी केन्द्र गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङ, प्रदेश वाईसिएल फ्र्याक्सन ईन्चार्ज ताराप्रसाद भुषाल, प्रदेश ईन्चार्ज नरेश केसी, अखिल क्रान्तिकारी गण्डकी प्रदेश अध्यक्ष त्रिदेव गुरूङ, सहसंयोजक द्वय थमन गुरूङ, ईश्वर बस्याल र प्रदेश अध्यक्ष शरण सापकोटालगायतलेपनि बोलेका थिए । भोलिसम्म चल्ने सम्मेलनले नया नेतृत्व चयन गर्ने वाईसिएलका नेता विपीन आचार्यले जानकारी दिए। उनका अनुसार सम्मेलनमा गण्डकी प्रदेशका ११ जिल्लाका २५० जना प्रतिनिधि सहभागी छन् ।

# सगरमाथा...

लागि प्रधानमन्त्री ओलीले बिहीबार साँझ उच्चस्तरीय जमघट गराउनुभएको थियो ।

कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाशीध प्रकाशमानसिंह राउत, प्रतिनिधिसभामा सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्रीहरू डा बाबुराम भट्टराई, झलनाथ खनाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, मन्त्रीगणलगायत सहभागी हुनुहुन्थ्यो। प्रधानमन्त्री ओलीले वातावरणीय मुद्दामा लापरवाही र विलम्ब गरिए विनासमा पुगिने भएकाले यसमा दुनियाँको ध्यानाकर्षण गराउन संवादको आयोजना गरिएको स्पष्ट गर्दै आउनुभएको छ।

# अन्नपूर्ण आधार शिविरमा म्याराथन हुने

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

अन्नपूर्ण म्याराथन-२०८२ को पाँचौं संस्करण यही जेठ २० गते हुने भएको छ। फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगको टोलीले सन् १९५० जुन ३ मा अन्नपूर्ण प्रथम हिमाल (८०९१ मिटर) सफलतापूर्वक आरोहण गरेको ७५औं वर्षगाँठका अवसरमा उक्त म्याराथनलाई हीरक महोत्सवका रूपमा मनाइने भएको हो ।

अन्नपूर्ण सेन्चुरी पर्यटन समितिद्वारा आयोजना गर्दै आइएको उक्त म्याराथन अन्नपूर्ण आधार शिविर (४१३० मिटर) बाट सुरु भई माछापुच्छ्रे आधार शिविर, देउराली, दोभान, बम्बो, छोम्रोङ, किम्रोङखोला, उरी हुँदै घान्द्रुकस्थित मेश्राम वराह माविको खेलमैदानमा सम्पन्न हुने आज पोखरामा समितिद्वारा आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको छ । म्याराथनको दूरी ४२.१९५ किलोमिटर रहेको र यस म्याराथनलाई अन्तरराष्ट्रियस्तरमा पुऱ्याउने लक्ष्यसहित अल्टिमेट एडभेन्चर नेपालले प्राविधिक व्यवस्थापन गर्ने समितिको अध्यक्ष एवं म्याराथनका संयोजक ललित गुरुङले जानकारी दिनुभयो । म्याराथनमा पुरुष र महिलातर्फ छुट्टाछुट्टै प्रतिस्पर्धा हुने छ । हालसम्म १० विदेशी धावकसहित ६० जनाले नाम दर्ता गराइसकेको जनाइएको छ। दर्ता शुल्क महिला तथा पुरुष दुवैका लागि रु सात हजार तोकिएको छ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने धावकले क्रमशः रु एक लाख ५० हजार, रु एक लाख र रु ७५ हजार पुरस्कार प्राप्त गर्नेछन् । यसपटक म्याराथनमा थप विशेष पुरस्कार पनि घोषणा गरिएको छ। अन्नपूर्ण गाउँपालिकाभित्रको स्थायी ठेगाना भएका सहभागीमध्ये प्रथम हुने धावकलाई विशेष पुरस्कार प्रदान गरिने छभने गण्डकी प्रदेशका धावकमध्ये प्रथम हुनेले पनि विशेष पुरस्कार पाउने छन् । महिलातर्फ लगातार तीनपटक म्याराथनमा सहभागिता जनाउने धावकलाई प्रोत्साहनस्वरूप विशेष पुरस्कार दिइने आयोजकले जानकारी दिएको छ । अन्तरराष्ट्रिय धावकका लागि छुट्टै प्रोत्साहन पुरस्कार प्रदान गरिने जनाइएको छ। महिला र पुरुष दुवै समूहमा विदेशी सहभागीमध्ये प्रथम हुनेलाई विशेष पुरस्कार प्रदान गरिने छ। यसैगरी ७५औं अन्नपूर्ण आरोहण दिवसका अवसरमा म्याराथनमा ७५औं स्थान हासिल गर्ने धावकलाई 'डायमण्ड जुभिली अवार्ड' दिइने जानकारी पत्रकार सम्मेलनमा गराइयो । म्याराथनकै अवसरमा 'अन्नपूर्ण पत्रकारिता पुरस्कार-२०८२' प्रदान गरिने छ। कार्यक्रम सम्पन्न गर्न करिब रु ३८ लाख लाग्ने अनुमान गरिएको छ । अन्नपूर्ण गाउँपालिका, नेपाल पर्यटन बोर्ड, पोखरा महानगरपालिका, एक्याप, गण्डकी प्रदेश खेलकुद परिषद्, विभिन्न पर्यटन समिति तथा निजी क्षेत्रका सङ्घसंस्थाबाट सहयोग जुटाइने बताइएको छ। कार्यक्रम व्यवस्थापनका लागि ५०१ सदस्यीय मूल समिति र १३ वटा उपसमिति गठन गरिएको छ। हालसम्म ९० प्रतिशत तयारी पूरा भइसकेको संयोजक गुरुङले जानकारी दिनुभयो।

## मनसुनजन्य विपद्बाट बच्ने उपाय

- आपतकालीन अवस्थामा चाहिने सामग्री सक्षित रुपमा भण्डारण गरौं,
- बाढीको सम्भावना भएको बेला सतर्क बनौ र सुरक्षित स्थानमा सरौ,
- पहिरो सम्भावित क्षेत्रमा सकेसम्म यात्रा नगरौ,
- घर बनाउँदा सुरक्षित स्थान, संरचना र प्रविधिको प्रयोग गरौ,
- आपतकालीन झोला (औषधि, पानी, टर्च, सजारका साधनसहित) तयार राखौ,
- विपद पूर्वतयारीसम्बन्धी तालिममा सहभागी बनौ,
- विपदपछि भ्रम र डर नफैलाऔं, आधिकारिक सूचना मात्र अनुसरण गरौं,

सामूहिक सहयोग, सजगता र तयारीले मात्र विपदवाट हुने अति न्यूनीकरण गर्न सकिन्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# वडाध्यक्ष गुरुङद्धारा विद्यालयमा २ लाखको अक्षयकोष

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

पोखरा महानगरपालिका वडा नं २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङको परिवारले आफ्ना स्वर्गीय बुबा र दाजुको स्मृतिमा शुक्रवार विद्यालयमा २ लाख रुपैयाको अक्षयकोष अक्षयकोष स्थापना गरेका छन् ।

वडाध्यक्ष गुरुङकी आमा विवीकुमारी गुरुङ,दाजु क्याप्टेन इन्द्रबहादुर गुरुङ सहितको उपस्थितिमा स्व. बुबा अमरबहादुर गुरुङ र दाजु स्व धनबहादुर गुरुङको स्मृतिमा २ लाख रुपैयाको अक्षयकोष पोखरा माहानगर पालिका वडा नं २७ को वीर आधारभूत विद्यालयमा स्थापना गरेका हुन् । गरिव तथा जेहेन्दार विद्यार्थीको शैक्षिक बिकासमा सहयोग पुग्ने सोंचका साथ गुरुङको परिवारले उक्त रकमको चेक प्रधानाध्यापक विन्दु सुवेदीलाई



हस्तान्तरण गरे ।

कार्यक्रममा बोल्दै वडाध्यक्ष गुरुङले बुबा र दाजुको सम्झनामा विद्यालयका विद्यार्थीहरूको शैक्षिक विकासमा सहयोग पुगोस भन्ने हेतुले सहयोग गरेको बताए ।सोही अवसरमा विद्यालयका सल्लाहकार समेत रहेका समाजसेवी सुवेदारमेजर जगबहादुर गुरुङले विद्यालयलाई नगद पचास हजार रुपैया सहयोग गरे । यस्तै अर्का समाजसेवी रामबहादुर गुरुङ ढल्केले नगद पन्ध्र हजार रुपैया सहयोग गरका थिए। कार्यक्रममा बोल्दै लेखनाथ पत्रकार मञ्चका अध्यक्ष विष्णुहरि पौडेल र राइजिङ स्टार युवा क्लबका अध्यक्ष यमप्रसाद गुरुङले दाताहरुलाई धन्यवाद दिदै रकमको सदुयोग हुने विश्वास व्यक्त गरे।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मन चोर्ने पुम्दीकोट

रासस
गण्डकी, २ जेठ /रासस

अघिल्लो दिनको झरीपछि बिहीबार बिहान पोखराको मौसम खुलेको थियो । कलिलो घाममा पोखरा छेउछाउका हिमाल र डाँडाकाँडा मनमोहक देखिन्थे । घुमफिरको याम भएकाले यतिबेला पर्यटकीय राजधानी पोखरामा पर्यटकको आवतजावत बाक्लो छ । पोखरा भित्रने पर्यटकमध्ये अधिकांश पदयात्राका लागि टाढाका गन्तव्यमा निस्कन्छन् । कोही अन्नपूर्ण क्षेत्र पुग्छन् । नजिकका पर्यटकीय गाउँ पुगेर रमाउने पनि उत्तिकै हुन्छन् ।

यो याममा पोखरा आउने विदेशी पर्यटकमध्ये ठूलो हिस्सा भारतीयको हुने गर्छ । उनीहरु कोही गर्मी छल्न पोखरा आइपुग्छन् । कोही मुक्तिनाथलगायत धार्मिकस्थलको भ्रमणका लागि पोखरा भएर यात्रा गर्छन् । पोखरा आसपासमा पर्यटक भुलाउने कैयौँ गन्तव्यस्थल छन् । जसमध्ये एक हो पुम्दीकोट । धर्म र प्रकृतिप्रेमी पर्यटकलाई लोभ्याइरहेको पोखरा महानगरपालिका-२२स्थितपुम्दीकोट पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्न थालेको छ ।



छोटो अवधिमा पुम्दीकोट यस क्षेत्रकै चर्चित धार्मिक पर्यटकीयस्थलका रुपमा स्थापित भएको हो । "पुम्दीकोटलाई धार्मिक गन्तव्यका रुपमा विकास गर्ने १० वर्षअघिको सपना पूरा भएको छ", पुम्दीकोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले भन्नुभयो, "पुम्दीकोट आजको अवस्थामा ल्याउन स्थानीयवासीको ठूलो योगदान छ ।" ठूला व्यवसायी घरानादेखि सर्वसाधारणसम्मले पुम्दीकोट निर्माणमा हातेमालो गरेका छन् । राज्यको पनि लगानी पुम्दीकोटमा जोडिएको छ ।

चार वर्षअघि ५१ फिट अग्लो भूमेश्वर महादेवको मूर्ति राखिएपछि पुम्दीकोटको चर्चा चुलिएको थियो । उक्त स्थानमा प्राचीन भूमेश्वर महादेवको मन्दिरलगायत महत्वपूर्ण धार्मिक संरचना रहेका छन् । ३१ फिट अग्लो विशाल डमरु, कुण्ड (गङ्गा पोखरी), १०८ धारा, २१६ शिवलिङ्ग, १०८ स्वर्गद्वारी सिँढी, शिव ताण्डव नृत्य तथा अन्तरराष्ट्रिय ध्यान केन्द्र आदि निर्माण गरिएको छ । पाँच फिट अग्लो पित्तलको शिवलिङ्ग, कुमार र पार्वतीको मूर्ति, समेरु पर्वत, हरियाली उद्यानलगायत संरचना निर्माणका क्रममा छन् । बृहत्तर पुम्दीकोटको गुरुयोजनाअन्तर्गत पूर्वाधार निर्माणका योजनालाई अगाडि बढाइएको समितिका अध्यक्ष बरालले बताउनुभयो ।

उहाँका अनुसार पुम्दीकोटमा धार्मिक तथा पर्यटकीय पूर्वाधार निर्माणमा हालसम्म रु २९ करोड बढी लगानी भइरहेको छ । जसमध्ये सङ्घ, प्रदेश र स्थानीय सरकारको रु सात करोड लगानी परेको छ । अन्य लगानी दाता र स्थानीयवासीबाट जुटेको अध्यक्ष बरालले जानकारी दिनुभयो । सोही उद्देश्यका लागि विसं २०७३ र विसं २०७८ मा महाशिवपुराण लगाइएको थियो । "परापूर्वकालदेखि नै भूमे देउताका रुपमा यहाँ पूजाआजा हुँदै आएको थियो, पौराणिक र धार्मिक महत्वको यस स्थललाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न हामी लागिपरेका छौँ", उहाँले भन्नुभयो, "छोटो समयमै पुम्दीकोट पर्यटकको रोजाइमा पर्न सफल भएको छ ।"

पुम्दीकोट विकास समितिका कर्मचारी (अर्थ सङ्कलक) कृष्ण देवकोटाले चाडपर्व र सार्वजनिक बिदा पर्दा दैनिक छ हजारसम्म पर्यटक पुम्दीकोट आउने गरेको बताउनुभयो । "अरुबेला दिनमा कम्तीमा पनि नौ सयदेखि तीन हजारसम्म पर्यटक भित्रने गरेको हाम्रो अनुमान छ", उहाँले भन्नुभयो, "शिवरात्रि, साउनको सोमबार, नयाँ वर्ष आदिका बेला यहाँ खुट्टा टेक्ने ठाउँ पनि हुँदैन, पर्यटकको संख्या अनुमान लगाउनै सकिन्न ।" नेपालीपछि हिन्दू धर्म मान्ने भारतीय पर्यटक उल्लेखमात्रामा आउने गरेको उहाँले सुनाउनुभयो । धार्मिक आस्थाप्रेमीका लागि मात्र नभएर प्रकृतिमा रमाउने पर्यटकका लागि पनि पुम्दीकोट उपयुक्त गन्तव्य हो । सहरको कोलाहल र व्यस्तता छलेर छिनभरमै प्रकृतिको काख पुम्दीकोटमा पुग्न सकिन्छ । पुम्दीकोटबाट उत्तरपट्टि लहरै देखिने हिमशृङ्खला, फेवाताल र पोखरा सहरको रमणीय दृश्यले जोकोहीको मन चोर्ने गर्छ । पोखरा-१७ छोरेपाटनबाट सात किमी गाडीको यात्रा पुम्दीकोट पुग्न सकिन्छ । पोखरा-२२ तिलाहारबाट पनि त्यहाँको यात्रा तय गर्न सकिन्छ । तिलाहारदेखि पुम्दीकोटको दूरी १३ किमी छ ।

कालोपत्र सडक भएकाले सहजै यात्रा गर्न सकिन्छ । पदयात्रा रुचाउनेका लागि फेवातालदेखि शान्ति स्तूपा हुँदै पुम्दीकोट उक्लने पदमार्ग पनि छ । पदयात्रा गर्दा डेढ घण्टाको समय लाग्छ । बाटैमा पर्ने भएकाले पुम्दीकोट जाँदा शान्ति स्तूपा पनि घुम्न सकिन्छ । पुम्दीकोटका व्यवसायी लक्ष्मी बरालले पर्यटक आगमन बढेसँगै स्थानीय व्यवसायीहरु पनि उत्साहित भएको बताउनुभयो । उहाँका अनुसार होटल, रेष्टुराँ, चिया पसलदेखि दर्जनौँ व्यवसाय सञ्चालनमा छन् । "पहिले पुम्दीकोट खुला डाँडो थियो, भूमे थान भनेर मानिसहरु शिवजीको पूजाआजा गर्न आउँथे, हामीले हेर्दाहेर्दै पुम्दीकोट अर्कै भयो", उहाँले भन्नुभयो, "पर्यटकको चहलपहल बढेको छ, व्यापार राम्रो छ, नयाँनयाँ व्यवसाय गर्नेहरु थपिएका छन् ।"

# करोडौँ खर्चेर बनाएको पालिकास्तरीय अस्पताल भवन प्रयोगविहीन

पोखरापत्र संवाददाता
म्याग्दी, २ जेठ

अन्नपूर्ण गाउँपालिका-१, दोबामा रु पाँच करोड बढी खर्चेर निर्माण भएको पालिकास्तरीय अस्पताल भवन प्रयोगविहीन छ ।

सङ्घीय सरकारको सबै स्थानीय तहमा आधारभूत तहको अस्पताल सञ्चालन गर्ने कार्यक्रमअनुसार अन्नपूर्ण गाउँपालिकाले दोबामा पाँच शय्या क्षमताको अस्पताल भवन निर्माण गरेको दुई वर्ष बितिसक्दा पनि प्रयोगविहीन भएको हो ।

आठ वटा वडा रहेको अन्नपूर्णका सबै वडाका बासिन्दालाई पायक नहुनु, जनशक्ति र उपकरणको अभाव तथा भवन रहेको ठाउँसम्म पुग्ने सडकको जीर्ण अवस्थाका कारण भवन प्रयोग र अस्पताल सञ्चालन हुन नसकेको अन्नपूर्ण-१ का वडाध्यक्ष दिलीप गर्बुजाले बताउनुभयो ।

"सरकारी मापदण्डअनुसार अस्पतालका लागि आवश्यक पर्ने जग्गा अन्य वडामा नपाएपछि दोबामा अस्पताल बनाउने निर्णय भएको हो", उहाँले भन्नुभयो, "भवन प्रयोगमा ल्याउन सबैभन्दा पहिले बेनी-जोमसोम सडकको भिरकाटेदेखि दोबासम्मको सडक स्तरोन्नतिका लागि सङ्घीय र प्रदेश सरकारसँग पहल गरेका छौँ ।" भवनमा आकस्मिक सेवा कक्ष, अन्तरङ्ग, बहिरङ्ग सेवा, प्रयोगशाला, औषधी भण्डार, उपचारका लागि छुट्टाछुट्टै कक्ष र स्वास्थ्यकर्मी निवाससहित ३५ वटा कोठा रहेको छ । भवन निर्माणका लागि रु पाँच करोड १२ लाख ६० हजारमा सम्झौता भएको थियो ।

अस्पतालका लागि आवश्यक पर्ने उपकरण, फर्निचर र भवन घेराबार गर्न धेरै रकम गर्नुपर्ने भएको छ । दोबाका बासिन्दाले अस्पताल निर्माण गर्न १२ रोपनी सात आना दुई दाम जग्गा निःशुल्क उपलब्ध गराएका थिए ।

# औँसा नियन्त्रण गर्न १३ हजार सुन्तलाका बोटमा प्रोटिन वेट

पोखरापत्र संवाददाता
बागलुङ, २ जेठ

जिल्लाको काठेखोला गाउँपालिका-६ तल्लो बिहुँका १३ हजार सुन्तलाका बोटमा प्रोटिन वेट छर्ने काम सुरु भएको छ ।

काठेखोला गाउँपालिका, हेफर इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोग, विवाइसी बागलुङको व्यवस्थापनमा सञ्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजनाअन्तर्गत हेफर प्रोजेक्ट नेपालको रु १० लाख अनुदान सहयोग तथा स्थानीय कृषकको ५० प्रतिशत लागत साझेदारीमा तल्लो बिहुँमा रहेका १३ हजार फल दिने सुन्तलाका बोटमा लाग्ने औँसा किरा नियन्त्रण गर्न बोटमा प्रोटिन वेट औषधि छर्ने काम सुरु भएको हो । किसानको बगैँचामा पुग्नुभएका गण्डकी प्रदेश कृषि मन्त्रालयका वरिष्ठ कृषि तथा बाली संरक्षण अधिकृत शालिकराम अधिकारीले औँसा किराका साथै सुन्तलामा देखिने विभिन्न प्रकारका रोगहरूकाबारेमा दुई दिनसम्म कृषकलाई सहजीकरण गर्नुभयो । दश दिनको फरकमा १० हप्तासम्म प्रतिबोट ५० मिलीलिटर प्रोटिन वेट छर्दा सुन्तलालाई औँसा किराको प्रकोपबाट जोगाउन सकिने अधिकारीको भनाइ छ । तीन वटा बोटमध्ये एक बोटमा प्रोटिन वेट छर्न अधिकारीको सुझाव छ । स्थलगत कार्यक्रमले प्रभावकारी काम देखिने र किसानलाई हौसला पनि मिल्ने काठेखोलाका अध्यक्ष राजु थापाले बताउनुभयो । हेफर इन्टरनेशनल प्रोजेक्ट नेपालका कार्यक्रम व्यवस्थापक डा प्रदीप अधिकारीले हेफरले गर्ने सहयोग निम्न वर्गका किसानसम्म पुग्नसकेमा व्यावसायिक किसान उत्पादन गर्न सकिने धारणा व्यक्त गर्नुभयो । गत वर्ष औँसा किरा र सुन्तलाको जरा कुहिने समस्याले बागलुङमा सुन्तला उत्पादन घटेको थियो । सुन्तला गाउँले परिचित सिँगानामा सुन्तला उत्पादन वृद्धि भए पनि औँसाको प्रकोपले बिहुँ, सर्कुवामा सुन्तला उत्पादन घटेको थियो । गएको वर्ष बागलुङमा रु २० करोडको सुन्तला उत्पादन भएको थियो । करिब ३४५ हेक्टर क्षेत्रफलमा लगाइएको सुन्तलाका बोटबाट तीन हजार ९२० मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । बागलुङको बिहुँ, सिँगाना, सर्कुवा, बिनामारे, हरिचौर, वीरकोट, भकुण्डे र तित्याङ सुन्तलाका पकेट क्षेत्र हुन् ।

वडाध्यक्ष बृहस्पति कँडेलले आफ्नो वडामा अभियानकै रूपमा प्रोटिन वेट छर्ने कार्यक्रम सञ्चालन गर्दै सुन्तला बगानको थप व्यवस्थापन गरी आर्थिक समृद्धमा पुग्न स्रोतको पहिचान गरिने बताउनुभयो ।

# जलजलाको आफ्नै भवनबाट कार्यालय सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, २ जेठ

सदरमुकाम बेनीबजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकाले आफ्नै भवनबाट कार्यालय सञ्चालन गर्न थालेको छ ।



स्थापना भएको आठ वर्षपछि गाउँपालिकाको केन्द्र लामाखेतमा भवन बनाएर प्रशासनिक र विषयगत शाखाको एकीकृत सेवा प्रवाह थालेको हो । 'कर्मचारी आवास तथा स्टोर'का लागि निर्माण गरिएको भवनबाट एकीकृत रूपमा सेवा सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिनुभयो । "गत महिनासम्म वडा नं ४ को लामाखेतमा तीन वटा भवन भाडामा लिएर गाउँपालिकाको कार्यालय सञ्चालन गरिएको थियो । कृषि, पशु सेवा, स्वास्थ्य शाखाको कार्यालय वडा नं ७ मिलनचोकमा थिए", उहाँले भन्नुभयो, "फरकफरक ठाउँ र साँघुरो भवनमा कार्यालय सञ्चालन गर्नुपर्ने समस्या हटेको छ । घरभाडाका लागि भएको खर्च बचत भएको छ ।"

कार्यालय सञ्चालनका लागि घरभाडाबापत मासिक रू ७० हजार खर्च हुँदै आएको थियो । निर्माणको अन्तिम चरणमा पुगेको भवनको पहिलो र दोस्रो तलामा कार्यालय सञ्चालन गरिएको हो । विसं २०८० पुसदेखि सुरू भएको भवन निर्माणमा हालसम्म रू तीन करोड ४० लाख खर्च भएको इञ्जिनियर सुनिल बानियाँले बताउनुभयो । स्टिल फेब्रिकेशन प्रविधिको तीनतले भवनमा करिब ३० वटा कोठा छन् । माथिल्लो तलामा बैठककक्ष र सभाहल निर्माण भएको छ । घेराबार, चमेनागृह र बाहिरी भागमा ढुङ्गा बिछ्याउने र फर्निचर व्यवस्थापन गर्न थप रू ६० लाख खर्च हुने इञ्जिनियर बानियाँले बताउनुभयो । भवन निर्माणका लागि लक्ष्मण शर्मा, रेमबहादुर विक, प्रकाश पौडेल, सन्तोष रावल, नरबहादुर थापा, जितबहादुर विक, दीपेन्द्र विक, जर्नादन मल्ल, धवलागिरि सेलर मिल (विजय श्रेष्ठ) र लामाखेतका बासिन्दाले सामूहिक रूपमा एक रोपनी आठ आना जग्गा उपलब्ध गराएका थिए ।

स्थानीयवासीले दान गरेको जग्गाको मूल्य रू ३२ लाख छ । गाउँपालिकाले आफ्नै बजेटमा भवन निर्माण गरेको हो । स्थानीय तहको प्रशासकीय भवनका लागि न्यूनतम चार रोपनी जग्गा आवश्यक पर्ने मापदण्ड छ । जग्गाको मापदण्ड नपुग्ने र प्रशासकीय भवनका लागि अघिल्लो कार्यकालमा जग्गा खरिद भइसकेकाले स्टोर र कर्मचारी आवास भवन शीर्षकमा नयाँ ठाउँमा भवन बनाइएको हो । यसअघि खरिद भएको जग्गा अपायक पर्ने भएकाले सो ठाउँमा भवन बनाउन नसकिएको जनप्रतिनिधिको भनाइ छ ।

सबैलाई पायक पर्ने ठाउँमा भवन बनाएर एकै ठाउँबाट सबै किसिमका सेवा उपलब्ध गराउन थालिएको जलजला गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो । एकै ठाउँमा कार्यालय र विषयगत शाखा भएपछि सेवाग्राहीलाई सहज हुनुका साथै भाडाका लागि बजेट खर्च घटेको उहाँले बताउनुभयो ।

# चितुवाको आक्रमणबाट मृत्यु भएका परिवारलाई क्षतिपूर्ति

पोखरापत्र संवाददाता
तनहुँ, २ जेठ

जिल्लास्थित डिभिजन वन कार्यालयले चितुवाको आक्रमणमा परी मृत्यु भएका यहाँका १४ परिवारलाई क्षतिपूर्तिस्वरुप रु एक करोड ४० लाख प्रदान गरेको छ ।

जिल्लाको विभिन्न स्थानमा भएका चितुवाको आक्रमणबाट ज्यान गुमाएका १६ बालबालिकामध्ये १४ जनाका परिवारलाई जनही रु १० लाखका दरले उक्त रकम हस्तान्तरण गरिएको हो । मृत्यु भएका दुई जनाका परिवारलाई रु २० लाख भुक्तानी दिन बाँकी रहेको डिभिजन वन कार्यालयका वन अधिकृत एवं सूचना अधिकारी राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । वन्यजन्तुको आक्रमणबाट मृत्यु भएमा रु १० लाख दिने व्यवस्था भएको जनाउँदै उहाँले रकम निकासा नभएकाले भुक्तानी दिन बाँकी रहेको बताउनुभयो । उहाँका अनुसार वन्यजन्तुको आक्रमणबाट घाइते भएका २१ जनालाई रु नौ लाख ४५ हजार ५२६ उपचार खर्च प्रदान गरिएको छ ।

विसं २०७४ फागुन ९ गतेदेखि हालसम्म आठ वर्षको अवधिमा जिल्लाका विभिन्न स्थानमा भएको चितुवा आक्रमणमा परी ११ बालक र पाँच बालिका गरी १६ बालबालिकाको मृत्यु भइसकेको छ । चितुवा आतङ्क बढ्न थालेपछि डिभिजन वन कार्यालयको सक्रियतामा चितुवा नियन्त्रणका लागि पासो थपिएको छ । बाख्रा खान जाँदा चितुवा पासोमा पर्ने हुँदा नियन्त्रणका लागि सहज भएको डिभिजन वन कार्यालयले जनाएको छ । चितुवाबाट जिल्लाको भानु, बन्दीपुर, आँबुखैरेनी, व्यासलगायत पालिका बढी प्रभावित छन् । चितुवाको आक्रमणबाट सबैभन्दा बढी भानु नगरपालिका प्रभावित भएको छभने हाल बन्दीपुर गाउँपालिकामा पनि आतङ्क बढेको सूचना अधिकारी श्रेष्ठले उल्लेख गर्नुभयो । उहाँका अनुसार विभिन्न ठाउँमा गरी २० स्थान पासो राखिसकिएको छ । एकपटक आक्रमण भएको ठाउँमा चितुवाले पुनः आक्रमण गर्ने सम्भावना रहने हुँदा नियन्त्रणमा लिन सोही ठाउँ आसपासमा पासो राख्ने गरिएको वन अधिकृत नवीन विश्वकर्माले बताउनुभयो । चितुवाका लागि सिकार गर्ने अनुकूल समय साँझपख हुने भएकाले घरबाहिर निस्कन नहुने र बालबालिकालाई एक्लै छाड्न नहुने उहाँको भनाइ छ । साँझमा सिकार खोज्ने चितुवाले मृग, कुकुर वा गाईवस्तुका बाछाबाछी नभेट्दा बालबालिका निशानामा पर्ने जोखिम हुने भएकाले सतर्कता अपनाउन विश्वकर्माले स्थानीयलाई आग्रह गर्नुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मानसिक तनाब | मीन | : स्वास्थ्यमा सुधार |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# राप्रपाका उपाध्यक्ष मिश्रलाई थुनामुक्त गर्न सर्वोच्चको आदेश

रासस
काठमाडौं, २ जेठ

सर्वोच्च अदालतले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रलाई हाजिर जमानीमा थुनामुक्त गर्न आदेश गरेको छ ।

न्यायाधीशद्वय डा कुमार चुडाल र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले आज बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्दै मिश्रलाई थुनामुक्त गर्न आदेश गरेको हो । आदेशमा भनिएको छ, "हालसम्मको अनुसन्धान तहकिकातको अवस्थालाई हेर्दा निज निवेदकसँग सम्बन्धित अधिकांश प्रमाण सङ्कलन सम्पन्न भइसकेको, थप प्रमाण सङ्कलन गर्नुपर्ने भए सो बमोजिम सङ्कलन गर्न पनि नसकिने अवस्था नरहेको तर, निजलाई हिरासतमै राख्नुपर्ने सम्मको



अवस्था नदेखिँदा पछि मुद्दा चल्ने अवस्था आएमा वा थप प्रमाण बुझ्नुपर्ने भएमा जिल्ला प्रहरी कार्यालयले खोजी गरेका बखत उपस्थित गराउने गरी निजका कानुन व्यवसायीको जिम्मा लगाई तत्काल थुनाबाट मुक्त गरी दिनु ।"

राप्रपा नेता मिश्रलाई गत चैत १५ गते पक्राउ गरिएको थियो । प्रहरीले राज्यद्रोह, संगठित अपराध, आपराधिक उपद्रव कसुरमा अनुसन्धान गर्न हिरासतमा राख्न जिल्ला अदालत काठमाडौँबाट पटक पटक अनुमति लिएको थियो । उहाँलाई अनुसन्धानकै लागि हालसम्म हिरासतमा राखिएको थियो । जिल्ला अदालतबाट गत वैशाख १० मा हिरासतमा राख्न अनुमति दिँदा नै निजबाट सङ्कलन गर्नुपर्ने प्रमाणहरू सङ्कलन भइसकेको अवस्था देखाइ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिम हाजिर जमानीमा थुनामुक्त गर्न सर्वोच्च अदालतले आदेश गरेको हो ।

# मुस्ताङमा हिउँ पर्ने याममा हिउँ नपर्दा ...

वासुदेव पौडेल
गण्डकी, २ जेठ /रासस

मुस्ताङमा तीन वर्ष यता हिउँ पर्ने याममा हिउँ परेको छैन । हिउँ नपरेकै कारण यहाँको कृषि प्रणालीमा गम्भीर असर परिरहेको स्थानीयवासी शेरबहादुर गुरुङले बताउनुभयो ।

पछिल्ला वर्षमा स्याउमा विभिन्न किसिमका रोग लाग्न थालेको उल्लेख गर्दै उहाँले जलवायु परिवर्तनको प्रत्यक्ष असर मुस्ताङमा परिरहेको बताउनुभयो । स्थानीयवासीका अनुसार पछिल्ला वर्ष तल्लो भेगमा हुने स्याउ क्रमशः माथिल्लो भेगतर्फ सर्दै गएको छ। विगत दुई दशककै अन्तरालमा यहाँको कृषि प्रणालीमा नै ठूलो परिवर्तन आइसकेको स्थानीयको अनुभव छ । दुई दशक अघिसम्मस्याउको राम्रो उत्पादन हुने मुस्ताङको लेतेमा अहिले भने स्याउको उत्पादन छैन । लेते माथिको कोवाङसम्म पनि स्याउ खेती हुन छोडेको छ।

विगतमा समुद्री सतहबाट दुई हजारदेखि तीन हजार मिटर उचाइसम्म स्याउ फल्ने गरेकोमा अहिले भने तीन हजार पाँच सयदेखि चार हजार मिटरसम्म उचाइसम्म स्याउ फल्ने गरेको शीतोष्ण बागबानी विकास केन्द्र मार्फा मुस्ताङका प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो । विगतमा स्याउ राम्रै फल्ने मुस्ताङको लेतेमा जलवायु परिवर्तनकै कारण स्याउ विस्थापन नै भैसकेको उहाँले जानकारी दिनुभयो । लेते समुन्द्री सतहबाट दुई हजार २०० मिटर उचाइमा रहेको छ । बर्षेनी बढ्दो तापमानका कारण कृषि प्रणालीमा नै धेरै प्रभाव परिरहेको जनाउँदै उहाँले पछिल्ला वर्षमा शमशितोष्ण हावापानीमा पाइने किवी शितोष्ण हावापानी भएका मुस्ताङका लेते तथा घाँसामा फल्न थालेको जानकारी दिनुभयो ।

प्रमुख आत्रेयका अनुसार बढ्दो तापमान बृद्धिसँगै स्याउ लगायतको खेती माथिल्ला भागमा सर्दै गएको वास्तविकतालाई दृष्टिगत गर्दै शितोष्ण बागबानी केन्दले उपल्लो मुस्ताङ क्षेत्रका स्थानीयलाई लक्षित गरी ल्होघेकर दामोदरकुण्ड गाउँपालिकाको घमीमा शाखा विस्तार गर्ने तयारी गरिएको छ । "हामी उक्त क्षेत्रमा आवश्यक पर्ने स्याउ लगायत फलफूलका बिरुवा त्यहीँबाट नै स्थानीयलाई उपलब्ध गराउने सोच राख्दै फार्म निर्माणका लागि जग्गा प्राप्ती प्रक्रियालाई अघि बढाइसकेका छौं", उहाँले भन्नुभयो, "उक्त क्षेत्रमा फार्म निर्माणका लागि लगभग आठ सय रोपनी भन्दा बढी क्षेत्रफलको जग्गा नापी गरिसकिएको छ ।" केन्द्रका तर्फबाट स्याउको विरुवाका साथै नासपाती, ओखर, खुर्पानी जस्ता फलफूका विरुवा उत्पादन गरि वितरण गर्ने गरिएको उहाँले जानकारी दिनुभयो । त्यस्तै स्याउबाली भित्र अन्य अन्तरवाली समेत गर्ने गरी विउविजन तयार गर्ने काम पनि केन्द्रबाट भैरहेको उहाँको भनाइ छ। पछिल्ला वर्षमा टुकुचेभन्दा माथि मुक्तिनाथ, छुसाङ लगायतका स्थानमा स्याउ खेती फस्टाउँदै गएको स्थानीयवासी बताउँछन् । माथिल्ला भेगमा स्याउ खेती फस्टाउँदै गएपछि कृषकहरू पनि यसतर्फ आकर्षित बन्दै गएका छन् । मुक्तिनाथभन्दा माथि उपल्लो मुस्ताङको लोमन्थाङसम्म स्याउ खेती बढ्दै गएको र पहिला उपल्लो भेगमा सानो आकारमा फल्ने गरेका स्याउ अहिले ठूलाठूला फल्न थालेको स्थानीयले बताए । नेपालकै कम पानी पर्ने ठाउँका रुपमा चिनिएको मुस्ताङमा अहिले भने भारी वर्षा हुँदा समस्या परेको अर्का स्थानीय सुकबहादुर विक बताउनुहुन्छ । विगत तीन वर्ष यता हिउँ पर्ने याममा हिउँ नपर्दा यहाँको स्याउ खेतीमा ठूलो असर परेको उहाँले बताउनुभयो । विगतमा पानी नपर्ने भएकै कारण परम्परागत रुपमा निर्माण गरिका माटाका संरचना ठूलो जोखिममा परेका छन् । हिउँ नपरेकै कारण पानीका मुहान सुकेर बस्ती नै सानुपर्ने जस्ता गम्भीर समस्याहरू निम्तन थालेको नेपाल पत्रकार महासंघ मुस्ताङका अध्यक्ष सुनदेवी रसाइलीले बताउनुभयो । स्याउ खेती सहित अन्य बालीनालीमा रोगको प्रकोप बढ्नुका साथै पुशपालन लगायतमा पनि समस्या बढ्न थालेको उहाँको भनाइ छ।

नीलगिरि हिमालका फेदीका बस्तीहरू लुप्रा, मार्फा, जोमसोम, छैरु, ठिनी, स्याङ लगायतका गाउँमा बर्सेनि जलवायु परिवर्तनकोअसर बढ्दै गएको छ । यी क्षेत्रमा प्राचीन कालदेखि नै परम्परागत माटोले छाइएका घरहरू रहेको र माटोका छत भएका घरमा पानी पर्न थालेसँगै माटो पग्लिन थाल्दा समस्या बढेको ठिनीका युवा निरज थकालीले बताउनुभयो ।

अत्यधिक चिसो हुने ठाउँ भएका कारण तापक्रम सन्तुलनका लागि माटाले छाइएका घरमा यहाँका स्थानीयवासी कहिलेकाहीँ पर्ने हिउँ बेल्चा लगायतको प्रयोगबाट फाल्ने गरिन्थ्यो । पछिल्ला वर्षमा पानी नै पर्न थालेपछि माटो निर्मित संरचना पग्लन थालेको हो । पानी पर्न थालेपछि माटाले छाइएका घरहरू चुहिन थालेको बताउँदै उहाँले पछिल्ला समयमा माटाका संरचना निर्माण गर्ने क्रम घट्दै सिमेन्ट तथा फलामको प्रयोग बढीरहेको बताउनुभयो । जलवायु परिवर्तनको बढ्दो असरसँगै हिउँदमा सुक्खा पहिरो र वर्षामा भारी वर्षा गम्भीर चुनौतीका रुपमा देखिएको घरपभ्फोङगाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले बताउनुभयो । जलवायु परिवर्तनकै कारण काली नदीको बहाव बढ्दै जाँदा वर्षेनी तटबन्ध भत्काउने क्रम बढीरहेको उहाँले बताउनुभयो । स्याउ लगायतका अन्य कृषि बालीमा परिरहेको जलवायुपरिवर्तनको असरलाई न्युनीकरण गर्नेतर्फ लाग्नुपर्ने उहाँको भनाइ छ।

# मुस्ताङको ठिनी खोलामा धमाधम मोटरेबल पुल बन्दै

पोखरापत्र संवाददाता
मुस्ताङ, २ जेठ

जिल्लाको घरपभ्फोङ गाउँपालिका थाकका पाँच गाउँ जोड्ने रिङरोडको ठिनी खोलामा धमाधम मोटरेबल पुल निर्माण भइरहेको छ।

गण्डकी प्रदेश भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयले रु चार करोड ४६ लाखमा बहुवर्षीय ठेक्का लगाएर निर्माण प्रारम्भ गरेको हो । उक्त कार्यालयका सूचना अधिकारी घनश्याम मगरका अनुसार २०८३ साउन अन्त्यसम्ममा निर्माण सम्पन्न गर्नुपर्नेछ। पुल ३५ मिटर लामो र दुवैतर्फ दुई दशमलव चार मिटर पैदलमार्गसहित आठ दशमलव चार मिटर चौडा हुनेछ। हालसम्म भौतिक ४५ र वित्तीय प्रगति ३७ प्रतिशत भएको छ।

यसैबीच, प्रदेश सरकारले घरपभ्फोङ गाउँपालिकाको थाक पाँच गाउँअन्तर्गत जोमसोम, ठिनी, ढुम्बा, स्याङ, छैरो-चिमाङ र मार्फा जोड्ने १० दशमलव पाँच किलोमिटर सडक स्तरोन्नति गरिरहेको छ।

# मुस्ताङमा सार्वजनिक जग्गामा स्याउखेती

पोखरापत्र संवाददाता
मुस्ताङ, २ जेठ



मुस्ताङमा सार्वजनिक जग्गामा स्याउखेती गर्न थालिएको छ। कृषिक्षेत्रको प्रवर्द्धन र विकास, स्थानीयको जीविकोपार्जनमा सुधार तथा वातावरणीय दृष्टिकोणबाट स्याउखेती विस्तार समय सान्दर्भिक रहे पनि सरकारी निकायको समन्वयबिनै सार्वजनिक जग्गा र नदी किनारमा स्याउखेती गर्ने क्रम बढेको छ।

जिल्लाका पाँचवटै स्थानीय तहमा समुदाय मिलेर सार्वजनिक जग्गामा स्याउ खेती गर्ने क्रम बढेको हो । समुदायस्तरमै सामूहिक स्याउखेती गरिएको भए पनि सरकारले त्यसबापत पाउने राजस्व, सरकारी अभिलेख र विपद् जोखिम न्यूनीकरणमा भने समस्या र चुनौती देखिएको छ । घरपभ्फोङ गाउँपालिकाले बिहीबार आयोजना गरेको नागरिक सुनुवाइ कार्यक्रममा सार्वजनिक जग्गा अतिक्रमण भइरहेकोप्रति स्थानीयले आलोचना गरे । सार्वजनिक जग्गाको संरक्षण र विकासमा स्थानीय तह सञ्चालन ऐन, २०७४ ले सम्बन्धित स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरे पनि स्थानीय तह र जनप्रतिनिधिले सार्वजनिक जग्गाको रक्षा गर्न नसकेको उहाँहरूको गुनासो थियो । घरपभ्फोङ-२ मार्फाको राजखोला, घरपभ्फोङ-३ स्याङ खोला र घरपभ्फोङ-५ ढुम्बा खोलामा खोलाको धार खुम्च्याएर समुदायस्तरबाटै जग्गा अतिक्रमण भइरहेको नागरिक सुनुवाइ कार्यक्रममा सरोकारवालाले बताउनुभयो । खोला बग्ने धारलाई खुम्च्याएर सार्वजनिक जग्गा अतिक्रमण गरी स्याउखेती र घरटहरा निर्माण गर्दा यसले विपद्को जोखिम निम्त्याएको उहाँहरूको भनाइ थियो ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रको तापमान वृद्धि भइरहेको र यसले हिमाल पग्लिने, हिमताल फुट्ने र भेलबाढी आउन सक्ने सम्भावना भएकाले नदी तथा खोला क्षेत्रमा अतिक्रमणका कारण मानवीय र भौतिक जोखिम निम्त्याएको छ । विसं २०८० साउन २८ गते कागबेनीमा आएको बाढीले त्यस क्षेत्रमा क्षति पुगेको थियो । कागबेनीमा मुक्तिनाथबाट बग्ने कागखोलाको धार अतिक्रमणमा पर्दा त्यहाँ प्राकृतिक विपद्को सामना गर्नुपरेको स्थानीयको गुनासो छ। घरपभ्फोङस्थित मार्फा स्याउ र ढुम्बा खोलाको धार खुम्च्याएर स्याउखेती गर्न जग्गा विस्तार गरिएको छ । जिल्लाका अन्य पालिकामा पनि नदी क्षेत्र दोहन गर्ने क्रम बढेको छ । जिल्लामा स्याउखेतीको अत्यधिक सम्भावना भए पनि यहाँ सार्वजनिक जग्गा नापी नहुँदा भाडामा दिने प्रक्रियामा जान कानुनी जटिलता छ । त्यसैले सार्वजनिक जग्गा अतिक्रमण गरी स्याउखेती गर्ने होडबाजी चलेको हो । प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले सार्वजनिक जग्गा अतिक्रमण रोक्ने र त्यस्ता जग्गाको संरक्षण गर्ने दायित्व स्थानीय तहको भएको स्पष्ट पार्नुभयो । सार्वजनिक जग्गा अतिक्रमण गरेको उजुरी आउने गरेको र त्यसउपर छानबिन र अनुसन्धान गर्ने कार्य भइरहेको उहाँले जानकारी दिनुभयो ।

घरपभ्फोमा गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले सार्वजनिक स्थान र नदी क्षेत्रमा जग्गा अतिक्रमण भएको गुनासो आएको बताउनुभयो । सार्वजिक जग्गा समस्याको विषय भएकाले यसमा देखिएका कमिकमजोरीलाई औँल्याएर जग्गा अतिक्रमण गर्नेलाई कानुनी दायरामा ल्याउने उल्लेख गर्नुभयो ।

# संरक्षणको पखाइमा लोमान्थाङको टास्सी ध्याफेल दरबार

धर्मेन्द्र झा
मुस्ताङ, २ जेठ /रासस

ढुङ्गा र माटोबाट निर्मित विशाल पर्खालले घेरिएको ठूलो बस्ती र बस्तीको बीच भागमा सुन्दर दरबार । मुस्ताङको लोमान्थाङ राजदरबार कुनै समय निकै शक्तिशाली र त्यस क्षेत्रका मानिसहरूको आस्थाको केन्द्र थियो । त्यही शक्तिकेन्द्र कालान्तरमा कमजोर मात्रै होइन मानिसविहीन बनेको छ ।

छसय वर्षअघि सैनिकहरूले पहरा दिइरहने दरबारको रक्षा यतिबेला एउटा भोटेकुकुरले गरिरहेको झैँ देखिन्छ। दरबार छेउमा आउनेलाई तर्साउँदै गरेको देख्दा सोही कुकुरले दरबारको रक्षा गरिरहेको हो कि भन्ने लाग्छ। १५औँ शताब्दीमा माटो ढुङ्गा र दाउराले बनेको यो दरबारलाई स्थानीयहरू टास्सी ध्याफेल दरबार भन्छन् । जसको अर्थ भाग्यमानी दरबार भन्ने हुन्छ। तत्कालीन समयमा यहाँका पहिलो राजा आमेपालले बाहिरी आक्रमणबाट बच्न नौ मिटर अग्लो र ५६३ मिटर लामो पर्खाल निर्माण गर्नुभएको इतिहास छ । दिनभरि खुला हुने दरबार साँझ बजेपछि भने बन्द गरिन्थ्यो ।

यही बन्द पर्खालभित्र जनताका घर, गुम्बा र बीच भागमा काँचो माटोले बनेको भव्य दरबार अझै देख्न सकिन्छ । त्यो समयमा पर्खालभित्र १६० वटा घरसम्म थिए भन्ने गरिएको छ । तत्कालीन समयमा राज्य सञ्चालनका लागि दरबार नजिकै मन्त्रालयहरू हुन्थे। आ-आफ्नो जिम्मेवारी बाँडफाँट गरिन्थ्यो । हाल पनि ती मन्त्रालयका भवन लोमान्थाङमा देख्न सकिन्छ । तत्कालीन समयमा पर्खालभित्र मात्रै घर निर्माण गर्ने चलन थियो, त्यसताका पर्खालबाहिर घर बनाउँदा यहाँका राजालाई शत्रुको आक्रमण हुन्छ भन्ने लाग्थ्यो तर मुलुकमा गणतन्त्र आइसकेपछि पर्खालबाहिर पनि बस्ती विस्तार भइरहेको छ ।

बस्ती दरबारबाट टाढिँदै गर्दा दरबारको रेखदेखमा पनि कमी आएको छ। यसले दरबार एक्लिँदै गएको छ। माटोले बनेको दरबार भएकाले कसैले यसलाई माटोको शहर पनि भन्छन् ।



ऐतिहासिक र पुरातात्विक महत्वको यो दरबार हाल संरक्षण, संवर्द्धन र प्रचारचारको पर्खाइमा छ तर दरबार संरक्षणका लागि राज्यस्तरबाट कुनै पनि प्रकारको सहयोग प्राप्त नभएको स्थानीयको गुनासो छ । संरक्षण र संवर्द्धनको अभावमा यसको महत्व घट्दै जाने पो हो कि भन्ने चिन्ता पनि थपिएको स्थानीयले बताउने गरेका छन् । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीन्हर्वु गुरुङका अनुसार मुलुकमा गणतन्त्र आए पनि यहाँका स्थानीय लोमान्थाङका राजपरिवारलाई उत्तिकै आदरपूर्वक सम्मान गर्छन्, त्यसैले धेरै स्थानीय दरबारमा जान पनि चाहँदैनन् । मानिसको आवतजावत कम भएपछि दरबार जीर्ण बन्ने जोखिम बढेको छ । विगतमा भूकम्पपछि बाहिरी मानिसलाई दरबारभित्र प्रवेश निषेध गरिएकाले भित्रको अवस्था कस्तो छ भनेर धेरैलाई थाहा हुन सकेको छैन । यहाँका अन्तिम राजा जिग्मीपलवर बिस्टलाई हाल पनि निकै श्रद्धापूर्वक मानिसहरूले सम्मान गर्दै आएका छन् । उनीहरू बिस्टलाई पूर्वराजा होइन राजा नै मान्ने गर्छन् । "लोमान्थाङ दरबार यहाँको इतिहाससँग जोडिएको छ, यो ऐतिहासिक र पुरातात्विक महत्वको दरबारको संरक्षण गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकियो भने यहाँको जीवनस्तर उकास्न सकिन्छ भन्ने लाग्छ, यहाँको आर्थिक गतिविधि बढाउनका लागि पर्यटक ल्याउनुको विकल्प छैन", अध्यक्ष गुरुङले भन्नुभयो । त्यसो त लोमान्थाङ कुनै समय आर्थिक गतिविधिको केन्द्र थियो । तिब्बतको पश्चिममा पर्ने यो ठाउँ भारतदेखि तिब्बतसम्मको व्यापार हुने समयमा आर्थिक केन्द्र पनि थियो । त्यही प्रभावले पनि यहाँका राजालाई शक्तिशाली मानिन्थ्यो । "सन् १३८० सम्म लोमान्थाङ स्वतन्त्र राज्यका रूपमा चिनिन्थ्यो तर जब साल्ट ट्रेड रुट बन्द भयो र तिब्बतमा सांस्कृतिक आन्दोलन सुरु भयो, त्यसपछि व्यापार सुक्दै गयो । त्यसको असरले यहाँको आर्थिक अवस्था कमजोर भयो । धेरै वर्षपछि जब पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्न सुरु गरे, यहाँका राजाले दूत पठाएर एकीकरणमा ऐक्यबद्धता जनाएपछि यो नेपालमा गाभिएको इतिहास छ", लोमान्थाङ निवासी बुद्धिजीवी कर्मा वाङ्गेलले भन्नुभयो । उहाँ ऐतिहासिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण लोमान्थाङमा विदेशी पर्यटक ल्याउन सके यहाँको विकास हुने बताउनुहुन्छ । विदेशी पर्यटकका लागि हाल कायम कडा नियमलाई खुकुलो बनाउन सकिए यस क्षेत्रले पर्यटनबाट ठूलो लाभ लिन सकिने वाङ्गेलको बुझाइ छ । उहाँका अनुसार अचेल पनि दरबार परिसरमा २१ वटा परिवार बसोबास गरिरहेका छन् । बाँकी परिवारहरू त्यहाँबाट बसाइँ सरिसकेका छन् ।

दरबार छेवैको मिस्टक होटलकी सञ्चालिका कर्चुङल्यामो गुरुङ पनि वाङ्गेलको भनाइमा सहमत हुनुहुन्छ । "अहिले त यहाँ आउन पनि सडकमार्गले सहज बनाएको छ । आवश्यक प्रचारप्रचार, दरबार संरक्षणका लागि बजेट विनियोजन र विदेशी पर्यटक ल्याउनका लागि सहज नीति बनाउन सकियो भने यस क्षेत्रले लाभ लिन सक्छ", उहाँले भन्नुभयो । कुल पाँचवटा वडा रहेको लोमान्थाङमा करिब दुई हजार जनसङ्ख्या छ । चौतर्फी माटोको पर्खालले घेरिएको यो बस्ती सुक्खा पहाडको काखमा छ । बस्ती प्राकृतिक सुन्दरताले जति आकर्षक छ, सांस्कृतिक सम्पदाले त्यत्ति नै भरिपूर्ण छ। यहाँका दरबार, गुम्बा, सांस्कृतिक राजा, मुखिया परम्परा, तिब्बती संस्कृतिसँग मिल्दोजुल्दो संस्कार र जीवनशैली लोमान्थाङको पहिचान हो । समुन्द्री सतहदेखि तीन हजार ८८० मिटर उचाइमा रहेको लोमन्थाङ उपल्लो मुस्ताङको प्रवेश विन्दु पनि हो । यहाँ दुई हजार वर्षभन्दा पहिले माटोको पहाड खोपेर बनाइएको 'सिजा झोङ' छ । गाउँपालिकाका अध्यक्ष गुरुङका अनुसार गुफाभित्र साना र ठूला गरी कम्तीमा ६० वटा कोठा छन् । "यहाँ आउने जोकोही पर्यटक पनि एक पटक गुफा नहेरी फर्कँदैनन्", उहाँले भन्नुभयो, "एतिहासिक र पर्यटकीय दृष्टिले अत्यन्तै सम्भावना भएको लोमान्थाङले यसबाट लाभ भने लिन सकेको छैन ।" नीलगिरि र धौलागिरि हिमशृङ्खलाको बीचमा रहेको यस क्षेत्रमा यहाँका २६औँ राजा अझै पनि यही बसोबास गर्छन् ।

इतिहास र धर्ममा रुचि राख्नेका लागि विविध कारणले यो क्षेत्र निकै महत्वपूर्ण गन्तव्य भएको अध्यक्ष गुरुङको बुझाइ छ। लोमान्थाङ हजारौँ वर्ष पुरानो तिब्बती र बौद्ध संस्कृतिको केन्द्र हो । यहाँका गुम्बा, महलहरू र पुराना चित्रकलामा त्यो इतिहास देख्न पाइन्छ। यहाँ रहेको राजमहल र झम्पा, थुब्चेन, छोदे र छोपलाका गुम्बा धार्मिक तथा कलात्मक दृष्टिले विशेष छन् । भौगोलिक रूपमा लोमान्थाङ सुक्खा भूभाग भएको ठाउँ हो। यहाँबाट नीलगिरि, धौलागिरि र अन्नपूर्ण हिमालहरूको दृश्यावलोकन गर्न सकिन्छ। लोमान्थाङमा राजसी गुम्बा, हजारौँ वर्ष पुराना भित्तेचित्र, मूर्तिकला र बौद्ध ग्रन्थहरू पाइन्छन् । यहाँ आउने पर्यटकका लागि 'लो राज्य' छँदाका राजाहरूको ऐतिहासिक दरबार आकर्षणको केन्द्र बन्दै गएको छ । यसको संरक्षण, प्रवर्द्धन र विकासका लागि ध्यान दिनसके आन्तरिक तथा बाह्य पर्यटकका लागि रोजाइको केन्द्र बन्नसक्थ्यो। त्यसबाट स्थानीयले मात्र नभई राज्यले नै लाभ लिने भएकाले उचित ध्यान दिनुपर्ने धेरैको माग छ।

# धारिलो हतियार प्रहार गरी दुई बालबालिकाको हत्या

रासस
चितवन, २ जेठ

एक व्यक्तिले शुक्रबार धारिलो हतियार प्रहार गरी दुई बालबालिकाको हत्या गरी आफूलेसमेत आत्महत्याको प्रयास गरेका छन् ।

भरतपुर महानगरपालिका-२५ किसान चोक नजिक घर भएका ४२ वर्षीय लीलाराज गिरीले धारिलो हतियार प्रहार गरी भतिजो र आफ्नै छोरीको हत्या गरेका हुन्। उनले दुई जनालाई आक्रमणपछि आत्महत्याको प्रयास गरेका थिए । बिहान विद्यालय जाने तयारी गरेका बालबालिकालाई उनले आक्रमण गरेका थिए।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार गिरीले आफ्नै छोरी सात वर्षीया प्रभा गिरी र दाजु दया गिरीका पाँच वर्षीय छोरा सजन गिरीलाई खुर्पा प्रहार गरेका थिए । त्यसपश्चात् उनले खुर्पा आफैँमाथि प्रहार गरेको उहाँले जानकारी दिनुभयो। घटनालगत्तै तीनै जनालाई उपचारका लागि चितवन मेडिकल कलेज ल्याइएकामा दुई बालबालिकाको मृत्यु भएको र गिरीको अवस्था गम्भीर रहेको उहाँले जानकारी दिनुभयो । निज गिरी पूर्वसैनिक रहेको र मानसिक सन्तुलन ठीक नभएका अवस्थामा घटना गराएको प्रारम्भिक रूपमा बुझिएको पुरीले जानकारी दिनुभयो। घटना शुक्रबार बिहान ९:४५ बजेको समयमा भएको हो।


**गण्डकी प्रदेश सरकार**
**उद्योग तथा पर्यटन मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८२/०२/०२

यस कार्यालयबाट मिति २०७७/०६/२७ मा कास्की जिल्ला अन्नपूर्ण ११ मा संचालन गर्ने गरि अन्नपूर्ण ११ कास्की निवासी आकास गुरुङ्गको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १७८८१/००७७/०७८ को अन्नपूर्ण पशुपालन फर्म नामक फर्मको प्रोप्राईटरले मिति २०८२/०२/०२ मा फर्म बन्द गरीपाँउ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**